# पर्यटनमा जलवायु परिवर्तनको चुनौती

कमाण्डर पोष्ट
काठमाडौं




नेपाललाई ग्रीन टुरिजम् गन्तव्य बनाउन विज्ञहरुले सुझाव दिएका छन्। तुलनात्मक लाभ बढी भएको पर्यटनलाई गरिन टुरिजम्का रुपमा रि- ब्राण्डिड गर्न र नेपाललाई पहिलो गन्तव्य बनाउन सुझाव दिइएको हो । साउथ एशिया वाच अन ट्रेड, इन्भायरोमेन्ट एण्ड इकोनोमिक्स (सावती) र ओभरसिज् डेभलपमेन्ट इन्टिच्युट (ओडिआइ) ले शुक्रबार राजधानीमा आयोजना गरेको कार्यक्रममा सो सुझाव दिइएको हो। पर्यटन क्षेत्रले नेपालको आर्थिक वृद्धिमा प्रत्यक्ष रुपमा २ दशमलव ८ प्रतिशत र अप्रत्यक्ष रुपमा ६ प्रतिशतको योगदान पुऱ्याउँदै आएको छ।

ओडिआइका अनुसन्धानकर्ता अल्बेर्टो लेमाले जलवायु परिवर्तनले पर्यटनमा ठूलो असर पर्ने भएकोले ग्रीन टुरिजम्को अवधारणा लागु गरेर अघि बढ्न नेपाललाई सुझाव दिए। जलवायु परिवर्तनबाट अल्प विकसित र विकासोन्मुख मुलुक बढी प्रभावित हुने भएकोले समयमै उपयुक्त बाटो समात्न उनले सुझाव दिएका हुन् । एकिकृत व्यापार रणनीतिमा नेपालले पुर्वाधारलाई बढी जोड दिएको तर वातावरणीय प्रभावको बारेमा वास्ता नगरेको उनले बताए। दीर्घकालिन पर्यटनको योजना बनेको तर यसले पनि वातावरणको पक्षमा पर्ने असरका बारेमा चासो नदेखाएको अल्बेर्टोले उल्लेख गरेका छन्। पुरानो अन्तराष्ट्रिय विमानस्थल, अपर्याप्त उर्जाका लागि तिर्नुपर्ने महंगो शुल्क, पर्यटकको संख्यामा मात्र ध्यान दिनु जस्ता नेपालको पर्यटनका समस्या रहेको उनले बताए।

ओडिआइको निजीक्षेत्र र बजारसम्बन्धी कार्यक्रम प्रमुख करेन इल्सले जलवायु परिवर्तनले प्राकृतिक स्रोतमै समस्या सिजर्ना हुने संभावना रहेकोले नवीकरणीय उर्जातिर लाग्न सुझाव दिइन । सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले जलवायु परिवर्तनले नेपालको पर्यटन क्षेत्रमा ठूलो प्रभाव देखिन सक्ने बताए । हिमालमा हिउ घट्ने संभावना रहेको बताउदै यस्ता असरले नेपालको पर्यटन क्षेत्रमा ठूलो नकारात्मक प्रभाव देखिने डा. पाण्डेले बताए। पुर्वाधार निर्माणका ट्रेकिड रुट मास्नु, अन्तराष्ट्रिय बजारमा प्रचार प्रसार गर्न नसक्नु र बारम्बार बन्द हडताल गर्नु जस्ता पर्यटनका प्रमुख समस्या रहेका छन्।